## नगर सभा सदस्य ज्यूहरु

ऐतिहासिक, धार्मिक तथा सास्कृतिक महत्वका पर्यटकीय स्थलमा अवस्थित मधेश प्रदेशको महोत्तरी जिल्ला भित्र रहेको लोहारपट्टी नगरपालिकाको ९ औं नगर सभा अधिवेशनको सम्मानित गरिमामय सभा बैठकमा सहभागी तथा उपस्थित सबै नगर सभा सदस्य ज्यूहरुलाई हार्दिक स्वागत गर्दछु । नेपालको संविधान जारी भए पछी लोहारपट्टी नगरपालिकाको दाश्रो कार्यकालको निर्वाचन पश्चात तेश्रो वर्षको निती तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा खुशीको अनुभुती भइरहेको छ । लोहारपट्टी नगरपालिकाको निर्वाचित स्थानीय सरकार सहकार्य, सहमती र एकता लाई आत्मसाथ गर्दै आगाडी बढीरहेको छ ।

यस घडीमा लोकतन्त्र प्राप्ती र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागी भिविन्न काल खण्डमा भएका आन्दोलन, सशस्त्र जनयुद्ध, मधेश आन्दोलन लगायतका आन्दोलनहरुमा आफ्नो अमुल्य जिवन बलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्रको रुपमा प्राप्त प्रजातन्त्रको नविन्तम स्वरुपको अभ्यिास गर्ने सन्दर्भमा जनताको अभिमत द्वारा प्राप्त जिम्मेवारी वहन गर्ने क्रम हामी अग्रसर भएको छौ । नगर बासी जनताको चाहना, आकांक्षा र आवश्यकता अनुसार आर्थिक, समाजिक, सांस्कृतिक लगायत भौतिक विकासका कार्यक्रमको जिम्मेवारी पुरा गर्ने कार्यहरुमा हामी सचेत छौ । नगरपालिकाको आफ्नो सिमित श्रोत साधनको सिमितताको बावजुद संस्थागत क्षमताको सिमालाई समेत मध्यनजर गर्दै उच्च जनअपेक्षाको बिच उपलब्ध साधन श्रोतको भरपुर उपयोग गरी नगरवासीको जनचाहना अनुरुप कार्य जिम्मेवारी पुरा गर्न अधिकतम प्रयोग गर्न प्रतिबध्ता यस गरिमामय सम्मानीत सभा समक्ष व्यक्त गर्दछु ।

लोहारपट्टी नगरपालिकाको विकास र समृद्धिमा योगदान पुर्याउनु हुने सबै महान भावहरुमा कृतज्ञता प्रकट गर्दछु । स्थानीय तहको निर्वाचित जनप्रतिनिधिहरुको रुपमा नगर प्रमुख हैसियतले नगर बासीको विकास सपना सकार गर्न खेल्नु पर्ने हरेक भुमिकामा हामी अगाडी रहनेछौ । हामी महत्वपुर्ण जिम्मेवारीका साथ अगाडी बढ्ने क्रममा नगरबासीलाई सुशासन, विकास र समृद्धिको प्रात्याभुती दिलाउनमा हामी कहीकतै बाँकी राख्ने छैन को सबैमा विश्वसत गराउन चाहन्छु । जनताको जलदो बलदो हरेक तरहको समस्याहरुको सामाधानका कार्यक्रमहरु जनसमक्ष ल्याउनु पर्ने आजको आवश्यता हो । जनताले यस्ता सामाजिक कार्यहरु पनि जिम्मेवारीता का साथ निर्वाह गर्न अभिमत दिइएकाले निर्वाधरुपमा जनताको सबै भन्दा नजिकको सरकार स्थानीयर सरकार रहेकाले  समाज नयाँ युगको विकसित समाज रुपान्तरको दिशामा आगाडी बढानमा निर्वाचित जनप्रतिनिधिहरुको प्रमुख कर्तव्य हो ।

त्यसैले हाम्रो कार्यशैली, सोचाई, आधुनिकतम र जनउतरदायी हुनुपर्ने छ । जनभावनाको उच्चतम कदर गर्दै स्थानीय नागरिकको सेवा प्रवाहमा कुनै कसर बाँकी नराखी नगरबासीको चाहना पुरा

गर्न हाम्रो दृढ संकलप रहेको छ । नागरिकको जनभावनालाई कदर गर्दै गुनासो रहित कार्य सम्पादन गर्ने प्रत्यन्न रहने छ ।

नेपालको संविधानको भाग - ५ धारा ५६ को उप धारा (१) ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी ३ तीन तहको संरचना हुने व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुसार तिनै तहको सरकारको अधिकार क्षेत्रको संविधानमा स्पष्ट व्यवस्था गरेको छ । संविधानको धारा ५९ ले दिएको अधिकार प्रयोग गरी यस लोहारपट्टी नगरपालिकाले आफ्नो प्रत्येक वर्षको वार्षिक बजेट तथा नीति कार्यक्रम बनाउदै आइरहेको परिपेक्ष्यमा यस वर्षमा पनि सोही बमोजिम नीति कार्यक्रम प्रस्तुत गर्दैछु । संविधानको धारा २२३ बमोजिम गठित लोहारपट्टी नगर सभामा धारा २३० को उपधारा-१ अनुसार लोहारपट्टी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को राजश्व र व्ययको अनुमान पेश गरी पारित गर्नु पर्ने व्यवस्था भए अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ मा भएको व्यवस्था बमोजिम आहावान भएको यस गरिमामय नगर सभामा आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

**नगर सभा सदस्य ज्यूहरु**

नेपालको संविधान, स्थानीय सरकार संचानल ऐन, २०७४ १६ औं योजनाले निधारण गरेको लक्ष्य, संघ र प्रदेश सरकारको नीति स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्चुमा दिग्दर्शन, नगरपालिकाको तहार हुदै गरेको प्रथम पञ्च वर्षिय आर्थिक आवधिक योजनाले परिकल्पना गरेको नगर विकासको खाका राजनितिक दल कार्यपालिका सदस्य विभिन्न संघ संस्था, बुद्धजिविहरुको राय सुझावको दृष्टिगत गरी नगरबासीको आवश्यकता तथा साधान श्रोत समेतको अधारमा तय गराइएको आगामी वर्षको नीति तथा कार्यक्रमहरु प्रस्तुत गरेको छु ।

नगरका सबै जनता शिक्षा र स्वास्थ्यको अवसरबाट बञ्चित हुन नपर्ने अवस्थालाई ध्यान दिदै लक्षित स्वरोजगार मुलक कार्यक्रम महिला, युवा, खेलकुद, बालविवाह न्युनिकरण, बहुक्षेत्रिय पोषण कार्यक्रम, गरिवी निवारनका लागि लघु उद्यम विकास (मेडपा), गरिव सँग विषेश्वर कार्यक्रम, बाल पोषण, रोजगारी क्षेत्रको सेवा प्रवाह, जनशक्ति व्यवस्थापन, कर्मचारीको वृति विकास, क्षमता विकास, कला भाषा, साहित्य संस्कृति रितिरिवाजको संरक्षण सम्बद्धन गर्दै धार्मिक पर्यटकीय स्थलको विकास, भौतिक पुर्वाधार क्षेत्रका सडक, सिचाई, खानेपानी, भवन, विद्युत लगायतको पुर्वाधार विकास गर्दै कृषि, पशु, सहकारी, महिला तथा बालबालिका र ज्येष्ठ नागरिक लगायत पछि पारिएका क्षेत्रको योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखी नगरबासीको सर्वाङ्गिक विकासमा सहयोग हुने कार्यमा केन्द्रित भई नीति तथा कार्यंक्रम तह गरिएको छ ।

**नगर सभाका सस्दय ज्यूहरु :-**

अब म लोहारपट्टी नगरपालिकाको आगामी आर्थिक वर्षको लागि प्राथमिकताका योजना तथा कार्यक्रम कार्यान्वयनको लागि नीति कार्यक्रमको बारेमा संक्षेपमा चर्चा गर्दछु ।

## सामाजिक विकास क्षेत्र तर्फको नीति :

- शिक्षालाई जिवनोपयोगी र व्यवहारिक बनाइनेछ ।
- विद्यार्थीको क्षमता अभिवृद्धि गर्न विद्यार्थीलाई "सिकाउ, टिकाउ र विकाउ" कार्य अन्तर्गत गुणस्तरिय शिक्षा प्रवर्धन गर्न विद्यालय सुधार योजना, नगर शिक्षामा समेटिएका क्रियाकलाप, कार्य योजना व्यवस्थित ढंगबाट अघि बढाईने छ ।
- पुर्व राष्ट्रसेवक कर्मचारी, पुर्व शिक्षकहरुको सिप, क्षमतालाई उपयोग गरी शैक्षिक गुणस्तर अभिवृद्धि, शैक्षिक निति निर्माण, बालबालिका तथा शिक्षकहरु सँग अन्तरक्रिया लगायतका कार्यमा क्रियाशिल गराईने छ ।
- बालबिबाह न्यूनिकरण गर्न समेतका लागि सामुदायिक माध्यमिक विद्यालय कक्षा ११, १२ लाई निशुल्क पठनपाठनको व्यवस्थालाई व्यवस्थित गरिने छ ।
- दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गरिने छ ।
- कक्षामा निर्धारित संख्या भन्दा बढी विद्यार्थी भएका विद्यालयमा स्नातक अध्ययन गरेका योग्य युवालाई उत्प्रेरित गरी स्वमं सेवक शिक्षकको रुपमा परिचालन गर्न आवश्यक व्यवस्था गरिने छ ।
- नगरपालिका भित्र स्थायी बासोबास गरिरहेका विपन्न नागरिकका छोरा छोरी, गरिब तथा जेहनदार विद्यार्थीहरुका लागी प्राविधिक विषयको उच्च शिक्षा अध्ययनका लागी बढीमा ५ जना विद्यार्थीलाई छात्रवृतिको व्यवस्था गरिने छ ।
- खेलकुद विकासलाई नगर स्तरमा स्थापित गर्न खेल क्षेत्रका प्रतियोगिता कार्यक्रम संचालन लगायतका खेलकर्मीहरुलाई नगरको विकास प्रति रुचि जगाउन एवं खेलाडिहरुको सम्मानका लागी मेयर कप खेलकुद प्रतियोगिता संचालन गरिने छ ।
- जेष्ठ नागरिकहरुको ज्ञान, शिप, अनुभव लाई प्रेरणाको रुपमा आदान प्रदान मिलाईने र सम्मान गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई जिवकोपार्जन गर्न शिपमा आधारित, क्षमता, उद्यमशिलता सम्बन्धी तालिम कार्यक्रमको व्यवस्था गरिने छ ।
- नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा भवन, खानेपानी, सौचालय, सरसफाई, सुरक्षाका लागी कम्पाउन्ड वाल लगायतका पुर्वाधार विकासमा जोड दिईने छ ।
- नगर भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत कक्षा १० का नगर स्तरिय परिक्षामा छात्र छात्रा तर्फ सर्वोकृष्ट अंक प्राप्त गर्ने पहिलो, दोश्रो र तेश्रोलाई प्रोत्साहन स्वरुप नगद र प्रमाण पत्र सहित पुरस्कृत गरिने छ ।
- नगर भित्रका सामुदायिक विद्यालयहरुमा माध्यमिक तहमा अध्ययनरत कुनै एक कक्षाको छात्रालाई बेटी बचाउ बेटी पढाउ कार्यक्रम अन्तर्गत साईकल वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- सामुदायिक विद्यालयको व्यवस्थापकिय पक्षलाई सबल बनाउन व्यवस्थापन समिति, शिक्षक कर्मचारीहरुको लागी आवश्यक तालिम प्रवन्ध मिलाईने छ ।
- नगरपालिका भित्रका नागरिकलाई स्वक्ष खानेपानीको सुविधा उपलब्ध गराउन हैन्डपाइप जडान गरिने छ ।
- ऐतिहासिक, धार्मिक, साँस्कृतिक महत्वका मठमन्दिर, मस्जिदहरुको संरक्षण, संवर्धन गरी धार्मिक पर्यटकिय स्थलहरुको रुपमा विकास गर्दै आन्तरिक र वाह्रय पर्यटनलाई आकर्षित गर्न जोड दिइनेछ ।
- हिन्दुहरुको धार्मिक शास्त्र र मान्यता अनुसार प्रत्येक ३ वर्षमा पर्ने मलमासको समयमा गेरुकाधाम खुट्टामा एक महिना सम्म लाग्ने मलमास मेलामा पवित्र गरुका नदीमा स्नानका लागी लाखैंको संख्यामा आन्तरिक र वाह्रय तिर्थयात्रिश्रधालु दर्शनार्थिहरु आउने गरेकोले उक्त गेरुकाधाम मलमास मेलालाई व्यवस्थित र मर्यादित रुपमा व्यवस्थापन गरिने छ । साथै पर्यटकिय स्थलको रुपमा विकास गर्दै जाने निति कायम गरिने छ ।
- नगर भित्र कला, भाषा, साहित्य, सँस्कृतिको विकास, संरक्षण र संबर्धन गरिने छ ।
- बालबालिकाको उमेर नपुगी र जबरजस्ती गरिने विवाह न्युनिकरणका लागी सामाजिक व्यवहार परिवर्तन गर्न लक्षित समुह केन्द्रित क्रियाकलाप सम्बन्धी योजना तथा कार्यक्रम प्राथमिकताका साथ संचालन गरिने छ ।
- नगरपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्रहरु बाट प्रदान गर्दै आईरहेका स्वास्थ्य सेवाहरुलाई प्रभावकारीरुपमा सेवा प्रदान गर्न व्यवस्थ गरिने छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र लोहारपट्टीको निर्माणाधिन १५ शैया अस्पताल भवनलाई समयमै निर्माण कार्य सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य संस्थामानै सुत्केरी गर्न गराउन प्रोत्साहित गर्न थप कार्यक्रम संचालन गरिने छ ।
- नगर भित्र लागु पदार्थ लगायत अन्य दुर्व्यसन जस्ता सामाजिक विकृतिहरुको नियन्त्रणका लागी कार्यक्रम संचालन गरिने छ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको भुमिकालाई प्रभावकारी बनाउन क्षमता अभिवृद्धि तथा प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ ।
- नगर भित्र सबै बालबालिकाहरुलाई सबै किसिमको खोप लगाईने छ र नगरपालिकालाई पुर्ण खोपयुक्त नगर बनाईने छ ।
- ७० वर्ष माथिका जेष्ठ नागरिकहरुको लागी निशुल्क स्वास्थ्य शिविर संचालन गरिने छ ।
- आधारभुत स्वास्थ्य सेवालाई सर्वसुलभ र प्रभावकारी गुणस्तरिय बनाउन पुर्वाधार विकास, नियमित औषधी, स्वास्थ्य उपकरण लगायतका माँग अनुसारका समाग्रीहरुको आपुर्तिको आवश्यक व्यवस्था गरिने छ ।

- कुपोषण लाई समाप्त गर्न बहुक्षेत्रिय पोषण कार्यक्रम संचालन गरिने छ ।
- महामारी जन्य रोगहरुको रोकथाम, नियन्त्रण र उपचारका लागी आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको सेवा सुविधाका लागी गरिने सिफारिसहरु निःशुल्क गरिने छ ।
- अनिवार्य रुपमा ३३% महिलाहरुलाई हरेक क्षेत्रमा सहभागीताका विधमान प्रावधान अनुरुप विकास निर्माणका योजना, उपभोक्ता समिति मार्फत संचालन गर्दा गठन हुने उपभोक्ता समितिमा रहने विधमान व्यवस्थालाई निरन्तरता दिदै महिला मात्रको उपभोक्ता समिति गठन गर्ने, महिला सहकारी वा महिला समुह मार्फत योजना संचालन गर्न तर्फ उत्प्रेरित गरिने छ ।
- महिलाहरुको विकासको लागी शिपमुलक, आयआर्चन, क्षमता विकास, नेतृत्व विकास लगायतका कार्यक्रमहरु संचालन गरिने छ ।
- बालबालिकाहरुको विकासका कार्यक्रम तथा बाल क्लवहरुको क्षमता विकास, बाल क्लवहरुको गठन, बाल गतिविधि संचालन लगायतका कार्यक्रमहरु संचालन गरिने छ ।
- आदिबासी, जनजाती, दलित, मधेसी, मुस्लिम, पिछडा वर्गको उत्थानका लागी प्ररमपरागत शिप, दक्षता र विषेशतामा आधारित आयमुलक, शिपमुलक कार्यक्रमहरु संचालन गरी रोजगारी सृजना गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गर्दै तिनको आर्थिक, सामाजिक स्तरमा बृद्धि गरिने छ ।
- बालबिवाह न्यूनिकरण गर्ने तथ्य र तथ्याङ्कमा अधारित समाजिक व्यवहार परिवर्तनका लागि लक्षित समुह डिजाईन प्रक्रियाबाट आएको क्रियाकलापहरु उच्च प्राथमिकतामा राखी निरन्तर्ता दिइनेछ ।
- नसर्ने रोगलाई उच्च प्राथमिकतामा राखी जनचेतना कार्यक्रम संचालन गरिने छ ।
- यस लोहारपट्टी नगरपालिकालाई वालबववाह मूक्त वडा तथा नगरपालिका घोषणा सँग सम्वन्धित कार्यक्रमहरु कार्यान्वयनमा लियाइन्छ ।
- यस नगरपालिका अन्तर्गत विद्यालयहरुको बालबिकाश सहजकर्ताहरुलाई नगरपालिकाबाट अगामी आ.व श्रावण देखी मासिक पारिश्रमिकमा रु.२०००।– अक्षरेपी दुई हजार थप गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- बालपोषण भत्ता सम्वन्धित अभिभावक सचेतना कार्यक्रम संचालन गरिनेछ ।

## पुर्वधार विकास तर्फको नीति

- नगर भित्र एब वडा बाट अर्को वडामा जाने वडा केन्द्र जोड्ने मुख्य सडक र वडा भित्रका सडकहरुलाइ क्रमश पक्की करण कार्यलाइ निरन्तरता दिनेछ ।
- नगर भित्रका प्रस्तावित रि·रोड (चक्रपथ) सडकलाइ DPR अनुसारको निर्माण कार्य संचालन गर्न आवश्यक बजेट व्यवस्थाका लागी संघिय र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।
- नगर भित्रका सडकहरुको विकास,विस्तार र स्तरोन्नतीका लागी तयार भएको नगर यातायात गुरु योजना (MTMP) लाइ अध्याबधिक गरिनेछ ।
- गाँउ बस्ती भित्रका पानी निकासको समस्यालाइ सधैको लागी समाधान गर्न नाला निर्माणको सडक स्तरोन्नती अघि बढाइनेछ ।
- बढी लागतमा कुनै पनि बहुबर्षिय योजनाको निर्माण कार्य गर्दा अपा· मैत्री,वातावरण मैत्री,बाल मैत्री,जेष्ट नागरीक मैत्री संरचनाको ढाँचा निर्माण गरिनेछ ।
- नगर भित्र नयाँ सडक निर्माणको ट्र्याक खोल्नु भन्दा निर्माण भइसकेका सडकहरुको स्तरोन्नती कार्यलाइ प्राथमिक्ता दिनेछ ।
- नगर भित्रका सडकहरुमा खाड्ल ,हिलोपानी निकास जस्ता समस्याहरुको छिटो छरितो समाधानका लागी साधनस्रोतको अधिकतम उपयोग गरि सडक नियमित रुपमा संचालान गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।
- लोहारपट्टी नगरपालिकाको नगर सदरमुकाम लोहारपट्टी देखि पुर्व पश्चिम मधेश प्रदेशको राजधानी,धार्मिक नगर (शहर) जनकपुरधाम्सँग जोडिएको मुख्य सडक भएकोले सडक पुर्ण रुपमा जिर्न अवस्थामा दैनिक हजारोको सँख्यामा सवारी साधन अनवतजावत हुने गरेको तर खराब सडकले गर्दा यस क्षेत्रको जनताहरुलाइ यातायात संचालनमा समस्या हुने गरेकोले जनकपुरधाम् लोहारपट्टी,रामगोपालपुर,सम्सी ,मलंगवा सम्मकम्तीमा चार लेनको सडक विस्तार सहितको राजमार्ग निर्माण गर्न संघिय,प्रदेश सरकारसँग पहल गर्न कार्यान्वयनका लागि आवश्यक पहल गरिनेछ ।
- नगरपालिका भित्र नयाँ भवन संरचना निर्माण गर्न भवन आचारसहिता २०७२ र प्राविधिक मापदण्ड अनुसार नक्सापास गराइ मात्र निर्माण गर्न गराउन अगामी वर्षको शुरुदेखी नै व्यवस्थाकीय प्रबन्ध मिलाइ भवन नक्सा पास प्रकृया अघि बढाइनेछ ।

## बाताबरण तथा विपद व्यवस्थापन तर्फको नीति

- नगर भित्रका गाँउ बस्तीलाइ सौन्दर्यीकरण र स्वच्छ वातावरणका लागी घर आँगन आगाडी नगरवासीको अगुवाईमा विरुवा रोप्ने कार्यको थालनी गरिनेछ ।
- जलवायु परिवर्तनले स्वच्छ वातावरणमा प्रत्यक्ष असर पारीरहेकोले वातावरण स्वच्छताको लागी गाँउ टोलको सौन्दर्य तथा हरियाली प्रबर्धनका लागी नदि दटबन्ध सडकको किनारमा विरुवा रोप्ने कार्य गरिनेछ ।
- फोहरमैला व्यवस्थापनको दिर्घकालिन समाधानका उपाय बारे अध्ययन गरिनेछ ।
- जलवायु परिवर्तनको सामना र प्रकोपको जोखिम नियत्रण गर्न सम्बन्धीत आवश्यक प्राविधिक शिपमुलक तालीम दिइ रोजगारीको सृजना गरिनेछ ।
- प्लास्टीक न्यूनिकरण कार्यलाई प्रभावकारिता साथ अघि बढाइनेछ ।
- स्थानीय विपद जोखिम न्युनीकरण योजना तर्जुमा गरिनेछ ।
- विपद र जोखिममा परेकालाइ उद्दार,राहत र सहयोगको कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिका भित्रका सबै गाँउ बस्ती सफा र सुन्दर बस्तीको रुपमा स्थापित गर्न फोहरमैला र सरसफाइ व्स्थापनको कार्यक्रम संचानल गरिनेछ ।

## संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र तर्फको नीति

- नगरपालिकाको क्षमता विकास योजना तर्जुमा गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- नगरपालिकाबाट दिदै आइरहेका सेवा प्रवाहलाइ प्रभावकारी बनाउन सरल,सुलभ,छोटो आधुनिक पद्धतिको अवधारणा लागु गरिनेछ ।
- नगरपालिकामा भएगरेका कार्य र कृयाकलापहरुको पृष्टपोषण प्राप्त गर्न सुचना तथा जानकारी नगरबासी समक्ष पुर्‍याउन सार्वजनिक परिक्षण,सामाजिक परिक्षण, सार्वजनिक सुनवाइ जस्ता उपयूक्त पद्धतिको कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- नगरपालिका अन्तरगतका शाखा विषयगत शाखा लगायतका राष्ट्रसेवक कर्मचारीहरुलाइ कामप्रति जिम्मेवार बनाइ जिम्मेबारी पुर्ण र संतोष जनक कार्य सम्पादन गर्ने उत्कृष्ट कर्मचारी छनौट गरि पुरस्कृत र सम्मान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- नगरपालिका अन्तरगत कार्यक्षेत्र रहेका सरकारी, गैरसरकारी,समाजिक संघ संस्था,उपभोक्ता समिति लगायत नगरपालिकाको विकासमा उल्लेखनिय काम गर्ने त्यस्ता संघ संस्था,व्यक्तीलाइ पुरस्कृत गरिनेछ ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय विकास पद्धतिको अनुभव आदान प्रदान गर्न देश विदेशका शहरहरुसँग भागनी सम्बन्ध कायम गर्न सम्बन्धीत ठाँउमा आवश्यक पहल गरिनेछ ।

- नगरपालिका अन्तरगतका सबैखाले चलअचल सम्पत्तीको अभिलेख तयार गरि त्यसको उचित उपभोग संरक्षण र सम्बर्द्धन गरिनेछ ।
- साविक स्थानीय निकायमा कार्यरत कर्मचारीको स्थानीय तहमा समायोजन भए पश्चात पनि लामो अबधि सम्म एउटै पद, तहमा हालसम्म कार्यरत रहेकोले त्यस्ता कर्मचारीलाइ उच्च मनोबलका साथ सेवा र कार्यसम्पादनमा उत्प्रेरित गर्न कर्मचारीको बृति विकास लागी योग्यता,कार्यक्षमताको आधारमा तह,स्तर बृद्धिको आवश्यक व्यवस्था गरिनेछ ।
- न्यायिक समितिको क्षेत्राधिकार भित्रका कार्य सम्पादन प्रकृयालाइ प्रभावकारी रुपमा कार्यन्वयन गर्न संस्थागत विकासका कार्यक्रम अघि बढाइनेछ ।
- न्यायीक समितिलाई पूर्णरुपमा अनलाइन सूचना प्रणालि संग आवद गरी घरदैलोबाट नै आवेदन दिने व्यवस्था मिलाउने।
- निर्वाचित जनप्रतिनिधि,पदाधिकारी र कर्मचारीहरुको क्षमता विकासका लागी आवश्यक तालिम तथा अनुभव आदान प्रदानका लागी अध्ययन भ्रमण अवलोकन कार्यक्रमको व्यवस्था गरिनेछ ।
- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन अनुसार नगरपालिकाको वित्तिय अधिकार क्षेत्र भित्र रहेका आन्तरिक आय राजश्व बृद्धि सम्बन्धि राजश्वका स्रोत दर,दायराका गैर कर लगायतका विषय सम्बन्धि परामर्श सेवा अध्ययन गरिनेछ ।
- नगरपालिका अन्तरगतका सबै विषयगत शाखा कार्यालयको दरबन्दीको पुनराअवलोकनका लागी संगठन व्यवस्थापन सर्वेक्षन गरिनेछ ।

## आर्थिक विकास तर्फको नीति

- नागरिकको आर्थिक समृद्धिको लागी नगर क्षेत्र भित्रका धार्मिक तथा सास्कृतिक महत्वका ऐतिहासिक प्रर्यटकिय स्थललाइ पुर्वधार विकास योजना कार्यलाइ निरन्तरता दिदै प्रर्यटकिय क्षेत्रको थप कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ ।
- कृषिफारम,कृषक समुह ,कृषि सहकारी संस्था र कृषकहरुलाइ सकृय बनाउन अभिमुखिकरण तालिमको व्यवस्था गरिनेछ ।
- उन्नत जातका विउ विजन कृषि सामग्री अनुदानमा वितरण गरिने कार्यलाइ निरन्तरता दिनेछ ।
- कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्न कृषि क्षेत्रको गुरु योजना तयार गरिनेछ ।

- कृषिमा उत्पादकत्व बढाउन सिचाइ सुविधा पुग्न नसकेका जमिन खेतमा सचिाइ सुविधाका योजना संचालन गर्न सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।
- कृषि कार्यका लागी समयमै विउ मल खादको उपलब्धता बारे सम्बन्धित निकायबाट आवश्यक व्यवस्था मिलाइनेछ ।
- कृषिमा उत्पादकत्व बढाउने किसानलाई सहुलियतदरमा खेतिको जोताई गर्न र गाउँ बस्तीलाई सरसफाई समेत गर्न कार्यको लागि ट्रेक्टर खरीद गरीने छ।
- सिंचाई सुविधा नपुगेको जग्गामा वर्ष भरी कृषि सिंचाई गर्न किसानलाई स्यालो टयवुले वोरिङ्ग जडान गर्न उपलब्ध गराउनेछु।
- कूलोनहर पैनीमा सिंचाई फाटकको व्यवस्था गरिनेछ।
- किसानलाई अनुदानमा गेहुँको विउँ उपलब्ध गराउनेछ ।
- कृषिकार्य गर्न सिचाईको लागि कृषि विद्युतीकरण गर्ने कार्य अगाडी बढाईनेछ।
- नगर भित्रका कृषक समूह/कृषक/व्यक्ति लाई भैसि पालनको लागी अनुदान उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ ।
- पशुहरुमा लाग्ने रोगको रोकथाम र नियत्रण गर्न आवश्यक प्राविधिक जनशक्ती,औषधी उपकरण लगायतका सामग्रीको व्यवस्था गरिनेछ ।
- पशुपालन तथा पंछीपालनमा व्यवसायीक्ता बृद्धि गर्न प्रोत्साहन हुने प्रवर्द्धनात्मक कार्यहरु संचालन गरिनेछ ।
- नगर भित्रका सबै नगरबासीलाइ आफ्नो जग्गा जमिनमा कम्तीमा चार वटा विरुवा रोप्न निशुल्क विरुवा वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- साामुदायीक वनको अवधारणा बमोजिम वन लगाउन उपभोक्तालाइ प्रोत्साहन गरिनेछ ।
- सहकारी संस्थाहरुको संस्थागत विकासका लागी नेतृत्व कर्मचारी क्षमता विकास कार्यक्रम संतालन गरिनेछ ।
- सहकारी संस्थाको अनुगमन र नियमन प्रकृयालाइ प्रभावकारी बनाइनेछ ।
- कृषि सहकारी संस्था मार्फत कृषकहरुलाइ मल,विउ उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- युवाहरुको रोजगारी सिर्जनाका लागी घरेलु तथा साना उधोग स्थापना गर्न उद्योगी व्यपारीलाइ प्रोत्साहन गर्न आवश्यक पहल गरिनेछ ।
- प्रधानमंत्री रोजगार कार्यक्रमलाइ स्थानीय स्तरमा प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- रोजगार सेवा केन्द्रमा सुचिकृत भएका वेरोजगार व्यक्तीहरुलाइ कामका लागी पारिश्रमिकमा आधारित योजना संचालन गरि न्युनतम रोजगारीको प्रत्याभुति गराइनेछ ।

- स्थानीय रोजगारदाता व्यवसायी तथा निजी संघ- संस्थाहरु संग सहकार्य र समन्वय गरि आन्तरिक रोजगारिलाई प्रवर्दन गर्न मेयर संग रोजगारदाता कार्यक्रम संचालनमा ल्याइनेछ ।
- यस पालिकाको सार्वजनिक मर्मत संभार तथा सरसफाई क्षेत्रमा काम गरि योगदान पुर्याईरहेका गरिव तथा विपन्न श्रमिकहरुको लागि मेयर संग श्रमिक कामदार कार्यक्रम स्चालन गरिनेछ।
- पालिका भित्र रहेका साना देखि ठुलो व्यपार व्यवसाय साना तथा घरेलु उद्योग कलकारखाना तथा रोजगारदाता संस्थाहरुको तथ्याङ्क संकलन गरि आन्तरिक रोजगारी सृजना हुने सम्भाव्यता अध्यन अनुसंधान गरिने छ।
- बैदेशिक रोजगारबाट स्वदेश फर्केका २५ जना रिटर्नि कामदारहरुको लागि कार्यस्थलमा आधारित सिप विकास तालिम प्रदान गरिनेछ।
- बेरोजगार व्यक्तिहरुलाई रोजगार कार्यक्रमा आवद हुनेको लागि वडामा भःक्ष्व आवेदन दर्ता शिविर संचालन गरिनेछ।
- प्रधानमन्धी रोजगार कार्यक्रममा काम गर्ने श्रमिकहरुको सुरक्षाको लागि आवश्यक औजार र सुरक्षा सामाग्रीको व्यवस्था मिलाइनेछ।
- बालश्रम मुक्त पालिका घोषण गर्नको लागि पालिका सिमा भित्र बालश्रमको अवस्था पहिचान गर्न आधारभुत सर्वेक्षण तथा तथ्याङ्क संकलन गरि सरोकारवालाहरु संग अन्तक्रिया गरिने छ।
- गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मेडपा लाई नगरपालिकाबाट थप कार्यक्रम संचालन गरीनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत सामाजिक सुरक्षा भत्ता वितरण तथा व्यक्तिगत घटना दर्ता सम्वन्धी कार्यलाई थप प्रभावकारी बनाउने एम.आई.एस अपरेटर र फिल्ड सहायक रहेको सेवा ईकाई संचालन गरीनेछ।
- गरीव संग विशेश्वर कार्यक्रमलाई निरन्तरता दिइनेछ

अन्तमा,

यो नीति तयार गर्ने क्रममा नगरपालिका र नगरपालिका र नगरबासीको विकासमा हामीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सकारात्मक सहयोग र साथ दिने सबैमा हृदय देखी आभार व्यक्त गर्दछु। त्यसै गरि नगरपालिकाको आ.व २०८०।०८१ को निति तथा कार्यक्रम तयार गर्न कार्यमा खटने कार्यपालिका तथा विषयगत, वडा कार्यालका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। यो नीति तथा कार्यक्रम पारित पश्चात कार्यान्वयन गर्ने कार्यमा नगरबासी सरोकारवला सबै संग सकरात्मक सहयोगको अपेक्षा गरेको छु ।

**धन्यबाद ।**